देवानगञ्ज गाउँपालिका
Dewanganj Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office Of Rural Municipal Executive
देवानगञ्ज,सुनसरी
Dewanganj, Sunsari
कोशी प्रदेश,नेपाल
Koshi Province, Nepal

Email: dewanganjmun@gmail.con

## यूवा वर्ग लक्षित कार्यक्रम
## लोक सेवा तयारी कक्षामा सहभागी हुन आवेदन पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः 2080/10/02)

देवानगञ्ज गाउँपालिका, यूवा वर्ग लक्षित आ.व. 2080/081 को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत यूवाहरुको लागि लोक सेवा तयारी कक्षा सञ्चालन गरिने भएको हुँदा देवानगञ्ज गाउँपालिका भित्र स्थायी बसोबास गरेको यूवाहरुले मिति 2080/10/10 गते सम्म कार्यालय समय भित्र देहायमा उल्लेखित विवरणहरु संलग्न राखि आवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पेश गर्नु पर्ने विवरणहरुः**

१.सादा कागजमा देवानगञ्ज गाउँपालिकाको कार्यालयलाई सम्बोधन गरिएको आवेदन।

२.नेपाली नागरिक्ताको प्रमाण-पत्रको प्रतिलिपी।

३.कम्तिमा 12 वा प्रविणता प्रमाणपत्र तह उतिर्ण गरेको प्रमाणपत्रको फोटोकपि ।

४.लोक सेवा आयोगले प्रकाशित गरेको विज्ञापन अनुसार फाराम भरेको भए प्रवेश पत्रको प्रतिलिपी।

**आवेदकको योग्यता र दस्तुरः**

१.आवेदन दिने अन्तिम मिति सम्ममा 18 वर्ष पुरा भई 35 वर्ष ननाघेको हुनुपर्ने र महिलाको हकमा 40 वर्ष ननाघेको । अन्य प्रचलित कानुन द्वारा अयोग्य नठहरीएको हुनुपर्ने छ।

२.देवानगञ्ज गाउँपालिका भित्र स्थायी रुपमा बसोबास गरेको प्रमाण।

३.लोक सेवा आयोगले निर्धाण गरेको प्रशासन सेवाको नायव सुब्बा पदको तयारीको लागि मात्र आवेदन दिन सकिने।

४.दरखास्त दिने स्थानः प्रशासन शाखा, देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्ज, सुनसरी ।

५.दरखास्त दिने अन्तिम मितिः 2080/10/10गते सम्म (सो दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय समय सम्म)

रामराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

रामराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत